# सपन्याहको पुस्तक

१ यो वचन परमप्रभुद्वारा सपन्याहलाई प्राप्त भयो।
सपन्याहले यो वचन जुन बेला प्राप्त गरे त्यस
बेला अमोनको छोरा योशियाह यहूदाका राजा थिए।
सपन्याह कूशीका छोरा थिए। कूशी गदल्याहका छोरा
थिए। गदल्याह अमर्याहका छोरा थिए। अमर्याह
हिजकियाहका छोरा थिए।

### मानिसहरूलाई न्याय गर्नका निम्ति परमप्रभुको दिन

२परमप्रभु भन्नुहुन्छ, “म पृथ्वीका प्रत्येक चीज नष्ट
गरिदिन्छु। ३म सबै मानिसहरू अनि सबै पशुहरूलाई
नष्ट पार्नेछु। म आकाशमा उड्ने चराहरू अनि समुद्रका
सबै माछालाई नष्ट गरिदिन्छु। दुष्ट मानिसहरू र सबै
कुराहरू नष्ट गरिदिनेछु जसले तिनीहरूलाई पाप गराउँछ।
यो पृथ्वीबाट मानिसहरूको अस्तित्व नै मेटाई दिनेछु,”
परमप्रभुले भन्नुभयो।

४परमप्रभु भन्नुहुन्छ, “म यरूशलेम अनि यहूदाका
बासिन्दाहरूलाई दण्ड दिनेछु! म ती सबै चीजहरू त्यस
स्थानबाट हटाउँनेछु। म बाल पूज्ने अन्तिम चिन्ह
हटाउँनेछु। म पूजारीहरूलाई हटाई दिनेछु अनि ती
मानिसहरू जसले नक्षत्रहरू पूज्नलाई तिनीहरूको घरको
छाना माथि जान्छन्। ५मानिसहरूले ती भूटा
पूजाहारीहरूलाई बिर्सनेछन्। कतिले भन्ने छन् तिनीहरूले
मेरो पूजा गर्थे भनेर, तर तिनीहरूले मेरो पूजा गर्ने
प्रतिज्ञा गरे तापनि अब तिनीहरूले भूटो देवता मल्कामको
पूजा गर्न थाले। यसकारण म तिनीहरूलाई त्यो स्थानबाट
हटाउँछु।

६कतिपय मानिसहरू परमप्रभुबाट टाढ़िए। तिनीहरूले
परमप्रभुको अनुसरण गर्न छोड़े। तिनीहरूले परमप्रभु
संग सहायता माग्न पनि छोड़े। यसकारण म तिनीहरूलाई
त्यस स्थानबाट हटाउँनेछु।”

७मेरो मालिक परमप्रभुको अघि चूपचाप बस!
किन? किनभने मानिसहरूलाई न्याय गर्ने परमप्रभुको
दिन नजिक आउँदैछ। परमप्रभुले उहाँको बलि तयार
पार्नु भएकोछ अनि उहाँको पाहुनाहरूलाई तयार रहनु
भन्नु भएको छ।

८परमप्रभु भन्नुहुन्छ, “परमप्रभुको बलिदानको दिन,
म राजाका छोराहरू अनि अन्य भारादारहरूलाई दण्ड
दिनेछु। म अरू देशको लुगा लगाउँने सबै मानिसहरूलाई
पनि दण्ड दिनेछु। ९त्यसदिन म त्यो सँघारमाथि
उफ्रने सबै मानिसहरूलाई दण्ड दिनेछु,* अनि ती
जसले तिनीहरूका स्वामीको घर भूटो अनि हिंसाले
भरिदिन्छन्।”

१०परमप्रभु यसो भन्नुहुन्छ, “त्यस समय मानिसहरू
यरूशलेमको माछा ढोकामा सहायताको निम्ति रूदैं
बोलाई रहेका हुनेछन्। तिनीहरू शहरको अरू भागमा
पनि रोइरहेका हुनेछन्। अनि सामानहरू भत्किरहेको
भयानक आवाज जस्तै पहाड़बाट शहर वरिपरि सुनिने
छ। ११शहरको तल्लो भागमा बस्ने मानिसहरू पनि
चिच्याउनेछन्। किन? किनकि व्यापारीहरू अनि धनी
व्यापारी नष्ट हुनेछन्।

१२“त्यस समय, म एउटा लिएर यरूशलेममा गएर
खोज्नेछु। म ती सबैलाई खोज्नेछु जो आफ्नो तरीकाले
बाँच्नमा सन्तुष्टछन्। उनीहरू भन्छन्, ‘परमप्रभुले केही
गर्नु हुन्न। उहाँले न त सहायता नै गर्नु हुन्छ न चोट नै
पुर्‍याउनु हुन्छ।’ म तिनीहरूको खोजिगर्नेछु, उहाँले ती
सबैलाई दण्ड दिनु हुन्छ।

१३तब तिनीहरूको सबै सम्पत्ति लुटिनेछन्, अनि
घरहरू नष्ट हुनेछन्। तिनीहरूले घर बनाए तापनि
त्यसमा बस्न पाउँनै छैनन्। तिनीहरूले दाखको बोट रोपे
पनि त्यसको दाखरस खान पाउने छैनन्।”

१४परमप्रभुको न्यायको दिन चाँड़ै आउँदैछ। त्यो दिन
नजिकै छ र भट्टै आउँदैछ। परमप्रभुको न्यायको
विशेष दिनमा मानिसहरूको रूवाबासीको आवाज सुनिने
छ। यहाँ सम्म कि वीर योद्धाहरू पनि रूनेछन्।
१५त्यसदिन परमेश्वरले उहाँको क्रोध प्रकट गर्नु हुनेछ।
यो अत्यन्तै दुःखको दिन हुनेछ, यो विध्वंसको दिन
हुनेछ। यो अँध्यारो र विरक्तको दिन हुनेछ। यो एउटा
कालो, अँध्यारो, धुमिएको अनि आँधी चलिरहेको दिन
हुनेछ। १६यो युद्धको समय यस्तो जस्तो हुनेछ, जब
मानिसहरूले सिङ्गहरू अनि तुरहीहरूको आवाज सुरक्षित
किल्लाहरू अनि सुरक्षित शहरहरूमा सुन्नेछन्।

१७परमप्रभु भन्नुहुन्छ, “म मानिसहरूको जीवन
संकटमय बनाई दिनेछु। मानिसहरू अन्धा जस्तै जता
ततै जानेछन् तिनीहरूकहाँ गइरहेकाछन् तिनीहरू आफै
जान्नेछेनन्। किन? किनभने मानिसहरूले परमप्रभुको

---

**त्यो संघारमाथि … दिनेछु** यिनीहरू ती मानिसहरू अनि पूजाहारीहरू हुन सक्छन् जसले विदेशी देवताहरूको पूजा गर्छन जस्तै डयागन अथवा ती मानिसहरू जसले तिनीहरूको पूजा गर्ने तरिकाहरू अनुशरण गर्छन।

विरुद्ध पाप गरेकाछन्। धेरै मानिसहरू मारिने छन्।
तिनीहरूको रगत जमीनमा बग्नेछ अनि लाश गोबर
जस्तै जमीनमा छरिएर सड्नेछ। १८जब परमप्रभुले
उहाँको रिस धेरै देखाउनुहुनेछ तिनीहरूको सुन र
चाँदीले तिनीहरूलाई सहायता गर्ने योग्य हुने छैन्। त्यस
समय परमप्रभु एकदमै क्रोधित हुनुहुनेछ। परमप्रभुले
उहाँको रिसको आगोद्वारा सारा संसारलाई जलाई दिनुहुनेछ।
परमप्रभुले पृथ्वीका सम्पूर्ण चीज-बीज नष्ट गरिदिनु
हुनेछ।”

### परमेश्वरले मानिसहरूको जीवन बदलि भन्नु हुन्छ गर

२ हे लाज नभएका मानिस हो! तिमीहरूको जीवन
परिर्वतन गर। २तिमीहरूको जीवन शैली परिवर्तन
गर! दिउँसो गर्मीमा केही फूलहरू ओइलाएर मर्छन,
तिमीहरू पनि त्यस्तै हुनेछौ, जब परमप्रभुले आफ्नो
भयंकर क्रोध प्रकट गर्नुहुनेछ। यसकारण परमेश्वरको
महान क्रोध तिमीहरूको अघि प्रकट हुनु अघि नै
आफ्नो जीवन बदलि गर। ३सबै नम्र मानिसहरू
परमप्रभुकहाँ जाऊ। उहाँका नियमहरू पालन गर, राम्रो
कुराहरू सिख, नम्रता खोज। तब मात्र तिमीहरू
सुरक्षित रहनसक्छौ जुन समय परमप्रभुले क्रोध प्रकट
गर्नुहुन्छ।

### परमप्रभुले इस्राएलका छिमेकीहरूलाई दण्ड दिनुहुनेछ

४गाजा शहरमा कोही पनि बाँच्नेछैन्। अश्कलोन
नष्ट हुनेछ। मानिसहरूलाई अशदोद मध्य दिनमा त्याग्न
विवश गरिनेछ। एक्रोन चाहिँ उजाड़ हुनेछ। ५पलिश्तीको
उपकुलमा क्रेटबाट आएर बस्ने मानिसहरू हो! यो
परमप्रभुको संदेश तिमीहरूको लागि हो। कनानका
भूमिहरू र पलिश्तीका भूमिहरू अनि तिनीहरू ध्वंश
हुनेछन् त्यहाँ कोही मानिस पनि बाँच्ने छैनन्। ६समुद्रको
किनारको तिम्रो जमीन गोठालाहरू अनि तिनीहरूको
भेड़ाको निम्ति खालि भूमि बनिनेछ। ७तब त्यो भूमि
यहूदामा बाँचेका मानिसहरूको निम्ति हुनेछ। परमप्रभुले
यहूदाका ती मानिसहरूलाई याद गर्नु हुनेछ। ती मानिसहरू
विदेशमा बन्दी छन्, तर परमप्रभुले तिनीहरूलाई फर्काई
ल्याउनु हुनेछ। तब यहूदाबाट मानिसहरूले तिनीहरूका
भेड़ालाई घाँस खान ती भूमिमा डोर्‍याउँने छन्। अनि
साँझमा तिनीहरू अश्कलोनको खालि घरहरूमा सुत्नेछन्।
८परमप्रभु भन्नुहुन्छ, “मलाई थाहा छ मोआब अनि
अम्मोनका मानिसहरूले के गरे? तिनीहरूले मेरा
मानिसहरूलाई खिसी गरे अनि आफ्नो देश अझ
विशाल बनाउँनको निम्ति उनीहरूको भूमि लिए।
९यसकारण जस्तो जीवित छु, मोआब अनि अम्मोनका
मानिसहरूलाई सदोम अनि गमोरा झैँ ध्वंश गरिदिनेछु।
म सर्वशक्तिमान परमप्रभु, इस्राएलको परमेश्वर हुँ। म
त्यो प्रतिज्ञा गर्छु कि ती देशहरू सदा सर्वदाको निम्ति
सम्पूर्ण रूपले नष्ट गरिनेछ। तिनीहरूको भूमिमा घाँस
उम्रनेछ। तिनीहरूको जमीन नूनको खानी जस्तै हुनेछ।
मेरो मानिसहरू मध्ये बाँचेकाहरूले त्यो जमीन अनि
त्यसमा भएको चीज-बीजहरूको प्रयोग गर्नेछन्।”
१०तिनीहरूको घमण्डको कारण अनि तिनीहरूले
सर्वशक्तिमान परमप्रभुका मानिसहरूलाई अपमान अनि
गिल्ला गरेको कारण मोआब अनि अम्मोनका मानिसहरूले
यो कष्ट भोग्नु पर्नेछ। ११ती मानिसहरू परमप्रभुसंग
डराउनेछन्। किन! किनभनि परमप्रभुले तिनीहरूको
देवताहरू नष्ट पार्नु हुनेछन्। त्यस समय सबै टाढ़ा
टाढ़ाका मानिसहरूले परमप्रभुको आराधना गर्नेछन्।
१२हे कुशका मानिसहरू! यी कुराहरू बुझ कारण
तिमीहरू पनि परमप्रभुको तरवारले काटिनेछौ। १३अनि
परमप्रभुले उत्तर पट्टि आफ्नो हात बढ़ाउँनु हुनेछ र
अश्शूरलाई दण्ड दिनुहुनेछ। उहाँले नीनवे शहर नष्ट
पार्नु हुनेछ, त्यो शहर केवल सुक्खा उजाड़ मरुभूमि
जस्तै हुनेछ। १४भेड़ा अनि जंगली जनावरहरू मात्र त्यो
जमीनमा बस्नेछन्। लाटोकोसेरोहरू अनि कागहरू त्यो
किल्लाहरूमा बस्नेछन् जुन वेकामे भएका छन्। तिनीहरूको
स्वर खिड़कीबाट आए जस्तो सुनिने छ। कागहरू
ढोकामा बस्नेछन्। कालो चरा ती खालि घरहरूमा
बस्नेछन्। १५नीनवे अहिले एकदमै घमण्डी भएकोछ।
यो यस्तो आनन्दित शहर हो, मानिसहरू सम्झन्छन् कि
तिनीहरू सुरक्षित छन्। तिनीहरू सम्झन्छन् कि नीनवे
संसारको सबै भन्दा ठूलो शहर हो तर त्यो शहर नष्ट
गरिनेछ। यो उजाड़ हुनेछ। जहाँ खाली जंगली जनवारहरूले
मात्र बास गर्नेछन्। जब मानिसहरू यो बाटो भएर
जान्छन् त्यति बेला तिनीहरूले देख्नेछन् कि कति नराम्रो
प्रकारले शहर नष्ट गरिएकोछ, तब तिनीहरू टाउको
हल्लाउँदै खुट्टा ठटाउनेछन्।

### यरूशलेमको भविष्य

३ यरूशलेम तिम्रा मानिसहरू परमेश्वरको विरूद्धमा
लड़नेछन्। तिम्रा मानिसहरूले अरू मानिसहरूलाई
चोट पुर्‍याएकाछन् अनि तिमी पापले कलङ्कित छौ।
२तिम्रो मानिसहरूले मेरा वचन सुनेनन्। तिनीहरूले मेरो
शिक्षा स्वीकार गरेनन्। यरूशलेमले परमप्रभुमा भरोसा
गरेन। यरूशलेम उसको परमप्रभुको नजिक आएन।
३यरूशलेमका प्रमुखहरू गर्जिरहने रहेन सिंह झैं छन्।
त्यसका न्यायाकर्त्ताहरू भोका ब्वाँसोहरू जस्ता छन् जो
साँझमा आउँछन् अनि भेड़ाहरूलाई आक्रमण गर्न
आउँछन् अनि बिहान केही पनि छोड़ेको हुँदैन्। ४त्यसका
अगमवक्ताहरूले धेरै प्राप्त गर्न सधैँ गुप्त योजना
बनाउँछन्। त्यसका पूजाहारीहरूले पवित्र चीजहरू अशुद्ध
बनाउँछन्। तिनीहरूले परमेश्वरको शिक्षाहरूप्रति गर्छन्।
५तर परमेश्वर अझै तिनीहरूको शहरमा हुनुहुन्छ अनि
तिनीहरूलाई न्याय गर्नुहुन्छ। परमेश्वरले केही पनि

नराम्रो गर्नुहुन्न। उहाँले सधैँ उहाँका मानिसहरूको
भलाई गर्नु हुन्छ। प्रत्येक बिहान परमेश्वरले उहाँका
मानिसहरूलाई असल निर्णयहरू लिन सहायता गर्नुहुन्छ,
तर दुष्ट मानिसहरू तिनीहरूले गरेका गल्तीहरूको
निम्ति लज्जित हुनुपर्छ भन्ने पनि जान्दैनन्।

६परमेश्वर भन्नुहुन्छ, "मैले जातिहरूलाई ध्वंश
गरेकोछु। मैले तिनीहरूको रक्षा धरहराहरू नष्ट
गरिदिएकोछु। मैले तिनीहरूको बाटोहरू नष्ट गरिदिएको
छु अनि अहिले त्यहाँ कोही पनि जादैनन्। तिनीहरूका
शहरहरू उजाड़ छन्, त्यहाँ कोही पनि बस्दैनन्। ७मैले
तिमीलाई यो यसकारण भनिरहेछु कि तिमीहरूले यसबाट
शिक्षा लेऊ। म चाहन्छु तिमी मसित डराऊ अनि मेरो
इज्जत गर। यदि तिमीले यस्तो गऱ्यौ भने तिमीहरूको
घर नष्ट हुनेछैन्। यदि तिमीहरूले यस्तो गऱ्यौ भने मैले
बनाएको योजना अनुसार तिमीलाई दण्ड दिने छैन।" ती
अपराधी मानिसहरूले अझैं अपराध मात्र गर्न चाहन्छन्
जुन तिनीहरूले पहिला देखि नै गर्दै आएका थिए।

८परमप्रभु भन्नुहुन्छ, "यसकारण, म उठुञ्जेल अनि
तिम्रो न्याय गरिञ्जेल पर्ख। धेरै जातिहरूका मानिसहरू
ल्याउने अनि तिमीलाई दण्ड दिनको निम्ति तिनीहरूलाई
प्रयोग गर्ने निणर्य मेरो हो। तिमीहरूको विरुद्ध मेरो
क्रोध देखाउँन म तिनीहरूलाई प्रयोग गर्नेछु। म कति
रिसाएको छु त्यो देखाउनु र समस्त देश नष्ट गराउनु म
तिनीहरूलाई प्रयोग गर्नेछु।

९त्यस समय म अरू जातिहरूका मानिसहरूलाई
परिवर्तन गर्नेछु ताकि तिनीहरूले स्पष्ट भाषा बोल्न
सक्छन्। तिनीहरूले परमप्रभुको नाउँ पुकार गर्नेछन्।
तिनीहरू सबैले एक साथ मेरो आराधना गर्नेछन्।
१०मानिसहरू आफ्नो बलिहरू लिएर मेरो लागि नदीपारिबाट
यहाँ इथोपियामा आउनेछन।

११"यरूशलेम, तिम्रा मानिसहरूले मेरो बिरुद्ध गरेका
दुष्ट कुराहरूको लागि अब लाज मान्न पर्नेछैन। किन?
किनभने म ती सबै नराम्रा काम गर्नेहरूलाई यरूशलेमबाट
बाहिर ल्याउनेछु। म ती सबै घमण्डीहरूलाई टाड़ा
पठाउँनेछु। त्यहाँ कोही पनि घमण्डी मानिसहरू मेरो
पवित्र पहाड़मा हुने छैनन्। १२म शान्त अनि नम्र
मानिसहरूलाई यरूशलेममा बस्नदिनेछु, अनि तिनीहरूले
परमप्रभुको नाउँमा भरोसा राख्नेछन्। १३इस्राएलमा
बाँचेका मानिसहरूले नराम्रो काम गर्ने छैनन्, तिनीहरूले
झूटो बोल्ने छैनन्। तिनीहरूले झूटो बोलेर मानिसहरूलाई
ठग्ने छैनन्। तिनीहरू त्यो भेड़ा जस्तै हुनेछन् जुन खाए
पछि शान्तसंग सुतिबस्छ, कसैले पनि तिनीहरूलाई
सताउँने छैन।"

## एउटा खुशीको गीत

१४हे यरूशलेम! खुशी होऊ अनि गीत गाऊ। हे
इस्राएल! आनन्दले कराऊ, यरूशलेम खुशी होऊ,
अनि आनन्द मनाऊ।

१५किन! किनभने परमप्रभुले तिम्रो दण्ड रोकिदिनु
भयो। उहाँले तिम्रो शत्रुहरूको दृढ़ किल्लाहरू नष्ट
गरिदिनु भयो। इस्राएलका राजा परमप्रभु तिम्रो साथमा
हुनुहुन्छ। तिमीले कुनै नराम्रो घटनाको बारेमा चिन्ता
गर्नु पर्ने आवश्यकता छैन्।

१६त्यसबेला यरूशलेमलाई भनिनेछ, "नडराऊ, बलवान
होऊ।

१७परमप्रभु तिम्रो परमेश्वर तिमीसित हुनुहुन्छ। उहाँ
एकजना शक्तिशाली सैनिक जस्तै हुनुहुन्छ। उहाँले तिम्रो
रक्षा गर्नु हुनेछ। उहाँले तिमीलाई कति प्रेम गर्नु हुन्छ
उहाँले देखाउनु हुन्छ। तिमीसित उहाँ कति प्रसन्न
हुनुहुन्छ। उहाँ हाँस्नु हुनेछ अनि तिम्रो विषयमा अति नै
प्रसन्न रहनुहुनेछ।

१८चाड़को दिनमा मानिसहरू आनन्दित भए झैं
खुशी हुनु हुनेछ।" परमप्रभुले भन्नुभयो, "म तिम्रो लाज
निकाली दिनेछु। म तिमीहरूलाई घात गर्नदेखि ती
मानिसहरूलाई रोकिने बनाउँछु।

१९त्यस समय, म ती मानिसहरूलाई दण्ड दिनेछु
जसले तिमीलाई चोट पुऱ्याए। मानिसहरू जो घायल
छन् म तिनीहरूलाई बचाँउछु। म छरपष्ट भएका मेरो
मानिसहरूलाई जम्मा गर्नेछु अनि म तिनीहरूलाई प्रसिद्ध
बनाउँनेछु जता-ततैका मानिसहरूले तिनीहरूको प्रशंसा
गर्नेछन्।

२०त्यस समय म तिमीहरूलाई फर्काएर ल्याउनेछु,
म तिमीहरू सबैलाई एकै साथमा फर्काएर ल्याउनेछु,
म तिमीहरूलाई प्रसिद्ध बनाउँनेछु। प्रत्येक ठाउँका
मानिसहरूले तिम्रो प्रशंसा गर्नेछन्। यो त्यस बेला हुनेछ
जब म तिम्रो आँखाको अघाड़ी ती कैदीहरूलाई
फर्काएर ल्याउँनेछु।" परमप्रभुले यी सबै कुराहरू
भन्नुभयो।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html